प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
# सामाजिक विकास कार्यालय
म्याग्दी
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८१।०८२
सूचना नं.: ८

मितिः

## प्रस्ताव आह्वान सम्वन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति- २०८१/०६/०२ गते**

गण्डकी प्रदेश सरकार, सामाजिक विकास कार्यालय, म्याग्दी आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मन्त्रालयको मिति २०८१/०४/३० गते (मा.मन्त्रीस्तर) को निर्णानुसार स्वीकृत भएको **महिला, बालबालिका तथा समाजकल्याण एवं सिक्षा, भाषा, संस्कृति र पुरात्व संरक्षण तर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८१** बमोजिम तपसिल बमोजिमका कार्यक्रमहरु गर्नको लागि मिति २०८१/०६/२३ गते सम्म रीतपूर्वक यस कार्यालयले तोकेको ढाँचामा प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि सामाजिक विकास कार्यालय, म्याग्दीको website: sdomyagdi.gandaki.gov.np/ Facebook:- http://surl.li/ckmbxw मा हेर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं | कार्यक्रम/ क्रियाकलाप | प्रस्ताव पेश गर्न पाउने संस्था | प्रस्ताव पेश गर्ने निकाय | संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्रमा सिकाई सामग्री व्यवस्थापन अनुदान | बालविकास केन्द्र वा आधारभूत विद्यालयमा बालविकास केन्द्र संचालन भएका विद्यालयहरु | सामाजिक विकास कार्यालय, म्याग्दी | ➢ मापदण्डको अनुसूचि-२६ बमोजिम भरिएको प्रस्ताव,<br>➢ कार्यक्रम कार्यन्वयन सम्वन्धि विद्यालय व्यवस्थापन समितिको निर्णय,<br>➢ सम्वन्धित स्थानीय तहको कार्यक्रममा दोहोरोपन नपरेको र मर्ज हुने प्रक्रियामा नरहेको सम्वन्धमा स्पष्ट खुलाएको सिफारिस पत्र,<br>➢ स्थानीय तहबाट प्रमाणित प्रारम्भिक बालविकास कक्षाका बिद्यार्थी विवरण (IEMIS REPORT),<br>➢ सामग्रीको लागि रु १ लाख को दरले उपलब्ध गराउन सकिने,<br>➢ एक स्थानीय तह वाट कम्तिमा एक बिद्यालय छनौट अनिवार्य गरिनेछ (प्रस्ताव पेश भएमा) |
| २ | आधारभूत विद्यालय (कक्षा १-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदान | जिल्ला भित्र रहेका १ देखि ८ सम्म संचालित सामुदायिक विद्यालयहरु | सामाजिक विकास कार्यालय, म्याग्दी | ➢ मापदण्डको अनुसूचि-२८ बमोजिमको भरिएको प्रस्ताव<br>➢ कार्यक्रम कार्यन्वयन सम्वन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय,<br>➢ सम्वन्धित स्थानीय तहले कार्यक्रममा दोहोरोपन नपरेको साथै मर्ज हुने प्रक्रियामा नरहेको सम्वन्धमा स्पष्ट खुलाएको सिफारिस पत्र<br>➢ स्थानीय तहबाट प्रमाणित बिधार्थीको विवरण<br>➢ सुदृढीकरण अनुदान रु २ लाख को दरले उपलब्ध गराउन सकिने । |
| ३ | न्युन सिकाई उपलब्धि भएका (कक्षा ८-१० मा अंग्रेजी, गणित र बिज्ञान विषय) विद्यालयमा अतिरिक्त कक्षा संचालन अनुदान | जिल्ला भित्र रहेका सामुदायिक विद्यालयहरु | सामाजिक विकास कार्यालय, म्याग्दी | ➢ मापदण्डको अनुसूची-३० बमोजिम भरिएको प्रस्ताव<br>➢ विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र,<br>➢ स्थानीय तहको कार्यक्रममा दोहोरोपन नपरेको र आवश्यकता सम्वन्धमा स्थानीय तहको सिफारिस<br>➢ कक्षा ८,९ र १० को शैक्षिक सत्र २०८० को विषयगत औषत सिकाई उपलब्धि,<br>➢ आधारभुत विद्यालयलाई रु ६० हजारको दरले र माध्यमिक विद्यालयलाई रु १ लाख को दरले उपलब्ध गराउन सकिने । |

**"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"**

फोन नं. ०६९-५२२०९२ वेभसाइटः www.sdomyagdi.gandaki.gov.np इमेलः sdomyagdi@gmail.com

२०८१/०६/०२
उमेश थापा
कार्यालय प्रमुख

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

अनुसुची- २६

प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदानका लागि [illegible] गर्ने ढाँचा

क) विद्यालय/ प्रारम्भिक बालविकास केन्द्र सम्बन्धी विवरण

१. नामः

२. ठेगानाः

जिल्लाः............ न.पा./गा.पा.................... वडा नं....... टोल...........

सम्पर्क नम्बरः........................... इमेल ठेगानाः..................

३. सञ्चालित कक्षाः

४. प्रधानाध्यापकको नामः सम्पर्क नम्बरः

५. बालविकास सहजकर्ताको नामः

ख) विस्तृत विवरणः

१. बाल विकासमा हाल सञ्चालित कक्षा संख्याः

२. शैक्षिक सत्र २०८१ मा अध्ययनरत बालबालिका संख्याः

| कक्षा | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |

क. यस पुर्व शैक्षिक सामग्री थप एवम् व्यवस्थापन गरिएको शैक्षिक सत्रः

ख. बालविकास केन्द्रको व्यवस्थापन सुधारमा संलग्न निकायहरु र प्राप्त आर्थिक स्रोत सम्बन्धी विवरणः

ग. आ.व. २०७८/०७९ देखि २०८०/८१ सम्ममा स्थानीय तहबाट बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापनका लागि अनुदान प्राप्त भएको/नभएकोः (अनिवार्य उल्लेख गर्नु पर्ने)

घ. विद्यालय/बालविकास केन्द्रमा उपलब्ध शैक्षिक सामग्रीको विवरण

| क्र.सं. | सामग्रीको विवरण | संख्या/सेट | विद्यार्थी सङ्ख्याको तुलनामा पर्याप्त/अपर्याप्त |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

थप सामग्री आवश्यक पर्ने भएमा कारणः

ङ. कक्षाकोठाको अवस्थाः(कुनै एकमा चिन्ह लगाउनुहोस्)

१. व्यवस्थित ☐ २. मर्मत गर्नुपर्ने ☐

च. आवश्यक सामग्रीको विवरण र लागत अनुमानः

| क्र.सं. | सामग्रीको नाम | अनुमानित लागत मूल्य |
|---|---|---|
| | | |

माननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

छ. कार्यक्रम कार्यान्वयनको कार्ययोजनाः

| क्रस | गर्नुपर्ने कामहरु | अनुमानित लागत | लाग्ने समय | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ज. कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने मुख्य उपलब्धीः

प्रस्ताव पेश गर्ने विद्यालय/
बालविकास केन्द्रको तर्फबाट

हस्ताक्षरः
नामः
पदः प्रधानाध्यापक
मितिः

विद्यालयको छापः

विवरण प्रमाणित गर्ने स्थानीय तहको
शिक्षा शाखाको कर्मचारीको

हस्ताक्षरः
नाम थरः
पदः
मितिः

स्थानीय तहको छाप

सचिव

२.६३ प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदान ([illegible] बाहेक)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | केन्द्र/विद्यालय | ७४ | ७४०० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रम परिचय | प्रारम्भिक बालविकास कक्षाको मूल उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक क्रियाकलापको माध्यमद्वारा बालबालिकाको सर्वाङ्गीण विकास गरी उनीहरूलाई कक्षा -१ का लागि तयार गराउनु हो ।प्रारम्भिक बाल विकास कक्षा उमेरका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक तथा सम्वेगात्मक पक्षहरुको विकास गर्ने पाठ्यक्रमको उद्देश्य पुरा गर्न उनीहरुलाई खेल्दै सिक्ने वातावरण सृजना गर्नका लागि कक्षाकोठामा पर्याप्त शैक्षिक सामग्री व्यवस्थापन गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । मन्त्रालयसँगको समन्वयमा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । |
| २. कार्यक्रमको उद्देश्य | बालविकास केन्द्रमा सिकाइ सामग्रीहरुको व्यवस्था र प्रयोगबाट रमाइलो वातावरणमा बालबालिकाको सर्वाङ्गिण विकास र कक्षा १ का लागि तयारी गराउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास कार्यालय र छनौटमा परेका बालविकास केन्द्र/विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | – बालविकास केन्द्रको प्रस्ताव मूल्याङ्कन एवम् छनौट व्यवस्थापन<br>– बालविकास केन्द्र शैक्षिक सामग्री व्यवस्थापन अनुदान<br>– अनुगमन |
| ५. सञ्चालन प्रक्रिया | क. प्रस्ताव माग गर्नेः प्रारम्भिक बालविकास केन्द्रहरुको सिकाइ सामग्री व्यवस्थापन गर्न आवश्यक भएका विद्यालयहरु/समुदायमा आधारित बालविकास केन्द्रहरुसँग २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची-२६ को ढाँचामा प्रस्ताव माग गर्ने ।<br>प्रस्ताव माग गर्दा देहाय बमोजिमका विद्यालय/बालविकास केन्द्रहरुसँग प्रस्ताव माग गर्नुपर्नेछ<br>• बालविकास केन्द्र वा आधारभूत विद्यालयमा बालविकास केन्द्र सञ्चालन भएका विद्यालयहरु,<br>• आ.व. २०७८/०७९,२०७९/०८० र २०८०/०८१ मा मन्त्रालयबाट बालविकास केन्द्रको स्तरोन्नती कार्यका लागि बजेट व्यवस्था नभएका बालविकास केन्द्र/विद्यालयहरु,<br>• बालविकास कक्षाका विद्यार्थी संख्याको अनुपातमा उपलब्ध शैक्षिक सामग्री न्युन भएका कारण सिकाइ प्रकृया प्रभावित भएका विद्यालयहरु<br>ख. प्रस्ताव मूल्याङ्कनः विद्यालयहरुबाट प्राप्त प्रस्तावहरुको अनुसूची-२७ बमोजिम मूल्याङ्कनका आधारहरु बमोजिम छनौट गर्न तपसिल बमोजिमको एक समिति रहनेछ । विद्यालय सिफारिस गर्दा एउटा स्थानीय तहको |

| शीर्षक | विवरण |
|---|---|
| | एउटा विद्यालय हुने गरी छनौट गर्नुपर्नेछ । यदि कुनै स्थानीय तहबाट प्रस्ताव प्राप्त नभएमा महत्तम/उच्चतम अंक प्राप्त गर्ने विद्यालयहरु मध्येबाट थप विद्यालय छनौट गरी अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>**छनौट समितिः**<br>१. सामाजिक विकास कार्यालयको प्रमुख - संयोजक<br>२. शिक्षा विकास तथा समन्वय इकाइले तोकेको शिक्षा सेवाको कर्मचारी १ जना -सदस्य<br>३. जिल्ला सदरमुकाम स्थित शिक्षा युवा तथा खेलकुद शाखाले तोकेको कर्मचारी - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. कार्यक्रम शाखाको कर्मचारी- सदस्य सचिव<br>ग. **प्रस्ताव मूल्याङ्कन नहुनेः** देहाय बमोजिमका विद्यालयहरुको प्रस्ताव मूल्याङ्कन प्रकृयामा समावेश नगर्ने ।<br>१. आ.व. २०७८/७९,२०७९/८० र २०८०/०८१ मा प्रदेश सरकारबाट बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापनका लागि अनुदान उपलब्ध भएका विद्यालयहरु<br>२. आ.व.२०८०/८१ र चालु आ.व मा सम्बन्धित स्थानीय तहबाट बालविकास केन्द्रका लागि सिकाइ सामग्री व्यवस्थापन कार्यका लागि छनौट भई अनुदान प्राप्त गरेका विद्यालयहरु.<br>घ. **अनुदान रकमको सिमाः** प्रति विद्यालय एक लाख रुपैयाका दरले अनुदान उपलब्ध गराउने ।<br>ङ. **स्पेशिफिकेशन बमोजिम गर्नुपर्नेः** आ.व. २०७८/७९ मा मन्त्रालयबाट स्वीकृत प्रारम्भिक बालविकास केन्द्रमा आवश्यक पर्ने सिकाइ सामग्री पहिचान गरी स्पेसिफिकेशनमा रहेका सामग्रीमध्ये आवश्यक पर्ने सामग्रीहरु बालविकास केन्द्र/विद्यालयहरुले सिकाइ सामग्री व्यवस्थापन गर्नुपर्नेछ भने अनुदान रकमको कम्तीमा ८० प्रतिशत रकम शैक्षिक सामग्री व्यवस्थापनका लागि लगानी गर्नुपर्नेछ ।<br>च. **अभिमुखीकरण एवम् सम्झौता कार्यक्रमः**<br>प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदान प्राप्तिका लागि स्वीकृत भएका बालविकास केन्द्रहरुका लागि एक दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सम्झौता गर्न सकिनेछ । |
| ६. अपेक्षित उपलब्धी | बालविकास केन्द्रको व्यवस्थापन पक्षमा सुधार भई बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग पुग्ने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | क. प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः<br>१. अनुसूची-२६ को ढाँचामा प्रस्तावपत्र |

| शीर्षक | |
|---|---|
| | २. कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>३. सम्बन्धित स्थानीय तहको कार्यक्रममा दोहोरोपन नपरेको र मर्ज हुने प्रकृयामा नरहेको सम्बन्धमा स्पष्ट खुलाएको सिफारिस पत्र<br>४. स्थानीय तहबाट प्रमाणित प्रारम्भिक बालविकास कक्षाका विद्यार्थी विवरण (IEMIS Report)<br>ख. भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु<br>१. भुक्तानी मागको निवेदन<br>२. विद्यालय व्यवस्थापन समिति/केन्द्र/कक्षा व्यवस्थापन समितिको सामग्री खरिद, कोटेशन स्वीकृत, खर्च अनुमोदन र भुक्तानी मागको निर्णय प्रतिलिपी<br>३. कोटेशनसँग सम्बन्धित कागजातहरु<br>४. रित पूर्वक गरिएका खर्चका बील भरपाइहरु<br>५. खरिद आदेश, जिन्सी दाखिला रिपोर्ट<br>६. फोटो सहितको अनुगमन प्रतिवेदन<br>७. भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>८. सिकाइ सामग्री व्यवस्थापनका रङ्गिन फोटाहरु |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्बन्धित स्थानीय तह र सामाजिक विकास कार्यालयहरु |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

अनुसुची- २८

आधारभूत विद्यालय (कक्षा १-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदान कार्यक्रम प्रस्तावको ढाँचा

१. विद्यालयको विवरणः
   क. नामः
   ख. ठेगाना:जिल्ला:............ न.पा./गा.पा............... वडा नं...... टोल..........
   सम्पर्क नम्बरः......................... इमेल ठेगानाः..................
   ग. अनुमति दिने निकायः कक्षा ८ अनुमति सालः
   घ. प्र.अ. को नामः
   ङ. प्र.अ. को सम्पर्क नम्बरः इमेल ठेगानाः
   च. सञ्चालित कक्षाः

२. कार्यक्रमको संक्षिप्त विवरण
   कार्यक्रमको नाम : आधारभूत विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकण अनुदान
   आवश्यक रकम रु. अक्षरमाः

३. कार्यक्रमसँग सम्बन्धित मुख्य विवरणहरुः
   क) कार्यक्रमको पृष्ठभूमि : (यस पूर्व प्रयोगशाला स्तरोन्नती सम्बन्धी कार्य कहिले, कसको सहयोगमा, कुन कुन कार्यहरु भएका थिए प्रष्ट खुलाउने)
   ख) आ.व. २०७८/०७९ देखि २०८०/८१ सम्ममा स्थानीय तहबाट प्रयोगशाला सुदृढीकरणका लागि अनुदान प्राप्त भएको/नभएको:
   ग) कार्यक्रमको औचित्यः
   घ) कार्यक्रमको उद्देश्यः
   ङ) जम्मा विद्यार्थी सङ्ख्याः

| विद्यार्थी | कक्षा-१ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | | | | | | | | | |
| छात्र | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

४. प्रयोगशाला सुदृढीकरणका लागि विद्यालयले सम्पादन गर्ने कामहरुः

५. प्राप्त हुने मुख्य उपलब्धीः

६. विद्यालयमा प्रयोगशाला भएमाः

| क्र.सं. | प्रयोगशालामा भएका सामग्री | सेट/संख्या | विद्यार्थी सङ्ख्याको आधारमा पुग्ने/नपुग्ने | थप आवश्यक पर्ने संख्या | अनुमानित रकम |
|---|---|---|---|---|---|
| | | | | | |

प्रस्ताव पेश गर्ने विद्यालयको तर्फबाट

हस्ताक्षरः

नामः

पदः प्रधानाध्यापक

मितिः

विद्यालयको छापः

विवरण प्रमाणित गर्ने स्थानीय तहको शिक्षा शाखाको कर्मचारीको

हस्ताक्षरः

नाम थरः

पदः

मितिः

स्थानीय तहको छाप

सचिव

माननीय विन्दु कुमार थापा
मन्त्री

अनुसुची- २९

आधारभूत विद्यालय (कक्षा १-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदानका लागि विद्यालय छनौटका आधारहरु

| क्र.सं. | विवरण/आधारहरु | पूर्णाङ्क | अङ्क विभाजन |
|---|---|---|---|
| १ | कक्षा ८ को अनुमति प्राप्त गरेको अवधि | १० | प्रति वर्ष १ अंकका दरले बढीमा १० अंक |
| २ | भौगोलिक क्षेत्र/स्थानीय तहको प्रकृति | १० | गाउँपालिका भए १० अङ्क, नगरपालिका भए ७ अङ्क |
| ३ | कक्षा १-८ प्रति कक्षा औषत विद्यार्थी सङ्ख्या | १० | २० भन्दा बढी भएमा-१०,<br>११-२० जना सम्म भए-८ अंक<br>१० जना सम्म भए - ६ अंक |
| ४ | विज्ञान प्रयोगशाला सुदृढिकरणका लागि स्थानीय तह/प्रदेश सरकारबाट अनुदान प्राप्तिको अवस्था | १० | यस अघि पछिल्लो तीन वर्ष (आ.व. २०७८/७९, २०७९/८० तथा २०८०/८१) मा कार्यक्रम अनुदान प्राप्त नगरेकोमा-१० अङ्क<br>कार्यक्रममा अनुदान प्राप्त वगरेकोमा - ० अङ्क |
| ५ | प्रस्तावको समग्र मूल्याङ्कन | १० | राम्रो भएमा - १० अङ्क, ठिकै भएमा - ८ अङ्क र सामान्य भएमा -५ अङ्क |
| | जम्मा | ५० | |

नोटः कुल अंक मध्ये न्यूनतम ४० प्रतिशत अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यालयलाई छनौट समितिले योग्यता सूचीका आधारमा स्वीकृतिका लागि सिफारिस गर्नेछ ।

सचिव

## २.६४ आधारभुत तह (कक्षा १-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदान (मनाङ बाहेक)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | विद्यालय | ४५ | ९००० | पहिलो, दोस्रो र तेस्रो त्रैमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | कार्यक्रम परिचय | आधारभूत तहमा विज्ञान प्रयोगशाला स्थापना तथा स्थापना भएका प्रयोगशालाहरुमा नपुग सामग्रीहरुको थप व्यवस्थापन गरी व्यवस्थित प्रयोगशालाको रुपमा स्तरोन्नती गर्न आवश्यक छ । प्रयोगशालामा नवीनतम् प्रविधि र सामग्रि समेत व्यवस्थापन गरी विद्यार्थीहरुलाई नियमित प्रयोगात्मक अभ्यासको उचित अवसर सहितको शिक्षण सिकाइमा सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । मन्त्रालयसँगको समन्वयमा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । |
| २. | कार्यक्रमको उद्देश्य | प्रयोगशाला अद्यावधिक एवम् आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी विद्यार्थीका लागि प्रयोगात्मक अभ्यास सहितको सिकाइको अवसर बृद्धि गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालयहरु, छनौटमा परेका विद्यालयहरु |
| ४. | बजेट बाँडफाँट | – विद्यालयको प्रस्ताव मूल्याङ्कन एवम् छनौट व्यवस्थापन<br>– अभिमुखीकरण<br>– विद्यालयका लागि अनुदान<br>– अनुगमन |
| ५. | सञ्चालन प्रक्रिया | क. **प्रस्ताव माग गर्नेः** सार्वजनिक सूचना मार्फत २१ दिनको म्याद राखि सामुदायिक विद्यालयमा (कक्षा १-८) सञ्चालित विद्यालयहरुसँग प्रस्ताव आव्हान गर्ने । प्रस्तावनाको ढाँचा अनुसूची-२८ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>ख. **प्रस्ताव मूल्याङ्कन एवम् छनौटः** विद्यालयबाट प्राप्त प्रस्तावहरु अनुसूची-२९ बमोजिमका आधारमा मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिस समिति रहनेछ ।<br>क. सामाजिक विकास कार्यालयको प्रमुख - संयोजक<br>ख. शिक्षा विकास तथा समन्वय इकाइले तोकेको शिक्षा सेवाको कर्मचारी १ जना -सदस्य<br>ग. जिल्ला सदरमुकाम स्थित शिक्षा युवा तथा खेलकुद शाखाले तोकेको कर्मचारी - सदस्य<br>घ. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>ङ. कार्यक्रम शाखाको कर्मचारी- सदस्य सचिव<br>च. **प्रस्ताव मूल्याङ्कन नहुनेः** देहाय बमोजिमका विद्यालयहरुको प्रस्ताव मूल्याङ्कन प्रक्रियामा समावेश नगर्ने । |

माननीय बिन्दु कुमार थापा
मन्त्री

| | शीर्षक | विवरण |
|---|---|---|
| | | छ. आ.व. २०७८/७९, २०७९/८० र २०८०/०८१ मा प्रदेश सरकारबाट कक्षा (१-८) विज्ञान प्रयोगशाला सुदृढीकरण/स्थापनाका लागि अनुदान उपलब्ध भएका विद्यालयहरु<br>ज. आ.व.२०८०/०८१ र चालु आ.व मा सम्बन्धित स्थानीय तहबाट विज्ञान प्रयोगशाला सुदृढीकरण कार्यका लागि छनौट भई अनुदान प्राप्त गरेका विद्यालयहरु,<br>झ. **अनुदान रकमको सिमाः** प्रयोगशाला स्थापना/स्तरोन्नती कार्यका लागि प्रति विद्यालय रु. २ लाख रुपैयाका दरले अनुदान उपलब्ध गराइने छ ।<br>ञ. **स्पेशिफिकेशन बमोजिम गर्नुपर्नेः** आ.व. २०७८/७९ मा मन्त्रालयबाट स्वीकृत "आधारभूत तहमा विज्ञान प्रयोगशाला स्थापना अनुदान कार्यक्रम कार्यान्वयनका लागि स्पेशिफिकेशन, २०७८" बमोजिम सामग्री पहिचान गरी विद्यालयको आवश्यकता अनुसार प्रयोगशाला व्यवस्थापन गर्नुपर्नेछ।<br>ट. **अभिमुखीकरण एवम् सम्झौता कार्यक्रमः** कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत भएका विद्यालयका प्र.अ/विज्ञान शिक्षकका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सम्झौता गर्न सकिनेछ । |
| ६. | अपेक्षित उपलब्धि | विद्यालयका प्रयोगशालाहरु स्थापना एवं सुदृढ हुनेछन । |
| ७. | विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | क. प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः<br>१. अनुसूची-२८ को ढाँचामा प्रस्तावपत्र<br>२. कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>३. सम्बन्धित स्थानीय तहले कार्यक्रममा दोहोरोपन नपरेको साथै मर्ज हुने अवस्थामा नरहेको सम्बन्धमा स्पष्ट खुलाएको सिफारिस पत्र<br>४. स्थानीय तहबाट प्रमाणित विद्यार्थी विवरण<br>ख. भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु<br>१. भुक्तानी मागको निवेदन<br>२. विद्यालय व्यवस्थापन समिति/केन्द्र/कक्षा व्यवस्थापन समितिको सामग्री खरिद, कोटेशन स्वीकृत, खर्च अनुमोदन र भुक्तानी मागको निर्णय प्रतिलिपी<br>३. कोटेशनसँग सम्बन्धित कागजातहरु<br>४. रित पूर्वक गरिएका खर्चका बील भरपाइहरु<br>५. खरिद आदेश, जिन्सी दाखिला रिपोर्ट<br>६. फोटो सहितको अनुगमन प्रतिवेदन<br>७. भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>८. प्रयोगशाला व्यवस्थापनका रङ्गिन फोटाहरु |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालयहरु र स्थानीय तह |

अनुसूची- ३०

न्यून सिकाइ उपलब्धी भएका (कक्षा ८-१० मा विज्ञान, गणित र अङ्ग्रेजी विषय) विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गर्ने प्रस्ताव पेश गर्ने ढाँचा

मननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

क) विद्यालय सम्बन्धी विवरण

६. विद्यालयको नामः

७. ठेगानाः जिल्लाः............ न.पा./गा.पा.................... वडा नं....... टोल............

सम्पर्क नम्बरः.......................... इमेल ठेगानाः..................

८. सञ्चालित कक्षाः

९. प्रधानाध्यापकको नामः सम्पर्क नम्बरः

ख) विस्तृत विवरणः

सञ्चालित कक्षा संख्याः जम्मा विद्यार्थी संख्याः

विद्यार्थीहरुको संख्यात्मक विवरण (शै.सत्र २०८१) :

| कक्षा/तह | कूल जम्मा | | | दलित | | | जनजाति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| कक्षा ८ | | | | | | | | | | |
| कक्षा ९ | | | | | | | | | | |
| कक्षा १० | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | |

ग) २०८० को विषयगत औषत शैक्षिक उपलब्धिः (प्राविधिक धार बाहेक)

| क्रस | कक्षा ८ | | | कक्षा ९ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अंग्रेजी | गणित | विज्ञान | अंग्रेजी | गणित | विज्ञान | अंग्रेजी | गणित | विज्ञान |
| १ | | | | | | | | | |

घ) २०८० को SEE को नतिजामा सम्बन्धित स्थानीय तहमा विद्यालयले प्राप्त गरेको स्थानः

ङ) अतिरिक्त कक्षा सञ्चालन गर्ने कक्षा र विषय

| क्रस | कक्षा | विषय |
|---|---|---|
| १ | ८ | क. ख. |
| २ | ९ | क. |
| ३ | १० | क. ख. |

स्थानीय तहबाट साझेदारी हुने/नहुने (साझेदारी हुने भएमा सोको आधिकारिक कागजात पेश गर्नुपर्ने)

प्रस्ताव पेश गर्ने विद्यालयको तर्फबाट
हस्ताक्षरः

नामः
पदः प्रधानाध्यापक
मितिः

विद्यालयको छापः

विवरण प्रमाणित गर्ने स्थानीय तहको
शिक्षा शाखाको कर्मचारीको
हस्ताक्षरः
नाम थरः
पदः
मितिः

स्थानीय तहको छाप

सचिव

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

अनुसूची-३१

## न्यून सिकाइ उपलब्धी भएका विषयको सिकाइ उपलब्धी अभिवृद्धि गर्नका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने विद्यालयको प्रस्ताव छनौट गर्ने आधारहरु

| क्रस | विवरण/आधारहरु | पूर्णाङ्क | अङ्क विभाजन |
|---|---|---|---|
| १ | भौगोलिक क्षेत्र/स्थानीय तहको प्रकृति | ५ | गाउँपालिका भए ५ अंक<br>नगरपालिका भए ३ अंक |
| २ | स्थानीय तहको साझेदारी | ५ | स्थानीय तहले साझेदारी गर्ने प्रतिबद्धता सहितको सिफारिस भएमा-५ अंक, सिफारिस मात्र भएमा-३ अंक |
| ३ | विद्यार्थी सङ्ख्या (कक्षा ८ देखि १० सम्मको) | १० | औषत ४० जना भन्दा बढी भए - १० अंक<br>औषत ३० देखि ४० सम्म भए - ८ अंक<br>औषत ३० जना भन्दा कम भए — ५ अंक<br>औषत २० जना भन्दा कम भए- ० अंक |
| ४ | औषत सिकाइ उपलब्धिस्तर प्रतिशत (कक्षा ८-१० सम्मका अङ्ग्रेजी, गणित र विज्ञान विषयको न्यून उपलब्धिस्तर प्राथमिकता ) | २० | २० प्रतिशत भन्दा कम भएमा-२० अंक<br>२०-२५ प्रतिशत सम्म भएमा- १८ अंक<br>२५ भन्दा बढि ३० प्रतिशतसम्म भएमा-१६ अंक<br>३० प्रतिशत भन्दा माथि भएमा - १४ अंक |
| ५ | प्रस्तावको समग्र मूल्याङ्कन | १० | राम्रो भएमा- १० अङ्क,<br>ठिकै भएमा- ८ अङ्क र<br>सामान्य भएमा -५ अङ्क |
| जम्मा | | ५० | |

नोटः कुल अंकको ४० प्रतिशत अंक प्राप्त गर्ने विद्यालयलाई छनौट एवम् सिफारिस समितिले कक्षा सञ्चालन अनुदान प्राप्तिका लागि सिफारिस गर्न सक्नेछ ।साथै अङ्क वरावर भएमा दलित तथा जनजाति विद्यार्थी बढि भएका विद्यालयलाई प्राथमिकता दिइनेछ ।

सचिव

## २.६५ न्यून सिकाइ उपलब्धि भएका (कक्षा ८-१० मा विज्ञान, गणित र अंग्रेजी विषय) विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | विद्यालय | ९१ | ९१०० | सबै त्रैमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | कार्यक्रम परिचय | विशेष गरी अंग्रेजी, गणित र विज्ञान जस्ता विषयमा विभिन्न कारणले अपेक्षित शैक्षिक उपलब्धी हासिल हुन नसकेका लक्षित कक्षामा प्रति कक्षा २० जना वा सो भन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धीस्तर अभिवृद्धिका लागि विद्यालय समयका अतिरिक्त समयमा पनि थप कक्षा सञ्चालन गरी सिकाइ हुन नसकेका विषयवस्तुहरुलाई सिकाउँदै उपलब्धीस्तर बृद्धि गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । मन्त्रालयसँगको समन्वयमा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । |
| २. | कार्यक्रमको उद्देश्य | अंग्रेजी, गणित र विज्ञान विषयमा शैक्षिक उपलब्धी दर बृद्धि गर्नु । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय र विद्यालयहरु |
| ४. | बजेट बाँडफाँट | (तलको तालिका) |

| तह | शिक्षक प्रोत्साहन | मसलन्द | अनुगमन यातायात | संयोजन | जम्मा |
|---|---|---|---|---|---|
| आधारभूत कक्षा ८ | प्रति विषय प्रति महिना रु. ६ हजारका दरले रु. ५४ हजार | एकमुष्ठ रु. २ हजार | रु. २ हजार | रु. २ हजार | रु. ६० हजार |
| माध्यमिक कक्षा ८-१० | प्रति विषय प्रति महिना रु. ६ हजारका दरले रु. ९० हजार | एकमुष्ठ रु. ३ हजार | रु. ३ हजार | रु. ३ हजार | रु. १ लाख |

**५. सञ्चालन प्रक्रिया**

क. **प्रस्ताव माग गर्नेः** सार्वजनिक सूचना मार्फत सामुदायिक विद्यालयमा न्युन सिकाइ उपलब्धी भएका विद्यार्थीहरुको सिकाइ उपलब्धीस्तर उकास्नका लागि अतिरिक्त कक्षा सञ्चालन गर्न चाहने विद्यालयहरुसँग अनुसूची- ३० को ढाँचामा प्रस्ताव माग गर्ने ।

ख. **प्रस्ताव मूल्याङ्कन एवम् छनौटः** प्रस्ताव पेश गरेका विद्यालयको अनुसूची-३१ का आधारमा मूल्याङ्कन एवम् छनौट गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन छनौट समिति रहनेछः

- क. सामाजिक विकास कार्यालयको प्रमुख - संयोजक
- ख. शिक्षा विकास तथा समन्वय इकाइले तोकेको शिक्षा सेवाको कर्मचारी १ जना -सदस्य
- ग. जिल्ला सदरमुकाम स्थित शिक्षा युवा तथा खेलकुद शाखाले तोकेको कर्मचारी - सदस्य
- घ. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य
- ङ. कार्यक्रम शाखाको कर्मचारी- सदस्य सचिव

माननीय विन्दु कुमार थापा
मन्त्री

| शीर्षक | विवरण |
|---|---|
| | च. **कार्यक्रम सञ्चालन अवधिः** अतिरिक्त कक्षा सञ्चालनको अवधि ३ महिनाको हुनेछ र मनाङ मुस्ताङ बाहेक २०८१ माघ महिना भित्र कार्यक्रम सम्पन्न गर्नुपर्नेछ ।<br>छ. **विषय निर्धारणः** विद्यालय व्यवस्थापन समितिले विषय निर्धारण गर्दा आधारभूत विद्यालयमा कक्षा ८ मा ३ विषय, माध्यमिक तह सञ्चालन भएको विद्यालयमा कक्षा ८ मा २ विषय कक्षा ९ मा १ विषय र कक्षा १० मा २ विषय हुने गरी निर्धारण गर्नुपर्नेछ । (आधारभूत विद्यालयमा ३ वटा कक्षा र माध्यमिक विद्यालयमा ५ वटा कक्षा)<br>ज. **कक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** अतिरिक्त कक्षा सञ्चालन गर्दान विद्यालयले देहाय बमोजिम गर्नुपर्नेछ ।<br>झ. विद्यालय व्यवस्थापन समिति र कक्षा ८, ९ र १० मा अंग्रेजी गणित र विज्ञान विषय अध्यापन गर्ने शिक्षकहरुको संयुक्त बैठक बसी अध्यापन गर्ने कक्षागत विषय, जिम्मेवारी र पढाइ हुने समय निर्धारण गर्ने,<br>ञ. विद्यालयले अध्ययनरत विद्यार्थीहरु मध्ये सिकाइ उपलव्धी न्युन भएका, आर्थिक रुपमा विपन्न, दलित, अपाङ्गता भएका विद्यार्थीहरु छनौट गर्ने,<br>ट. विद्यार्थी छनौट गर्दा सोहि कक्षामा अध्यापन गर्ने विषयगत शिक्षकले न्युन सिकाइ उपलव्धी भएका लक्षित समुहका कम्तिमा हिमालमा १० जना, पहाडमा १५ जना र तराइमा २० जना विद्यार्थी छनौट गर्नुपर्नेछ,<br>ठ. कक्षा सञ्चालन विद्यालयमा उपलव्ध भौतिक संरचना र विद्यार्थीहरुलाई उपयुक्त समय पहिचान गरी बिहान र बेलुकाको समय निर्धारण गरी कक्षा सञ्चालन गर्नु पर्नेछ,<br>ड. कक्षा सञ्चालन गर्दा कक्षा ८-१० कक्षा सम्मका विद्यार्थीका लागि सञ्चालन गर्नु पर्नेछ,<br>ढ. एउटा विषयको एउटा कक्षाका विद्यार्थीका लागि एक दिनमा कम्तिमा एक घण्टाको दरले कक्षा सञ्चालन गर्नु पर्नेछ,<br>ण. भौतिक रुपमा उपस्थित भई कक्षा सञ्चालन गर्न नसक्ने अवस्था सिर्जना भएकोमा अनलाईन माध्यमको प्रयोग गरी कक्षा सञ्चालनको व्यवस्था मिलाउनु पर्नेछ ।<br>त. कक्षा मुलतः सम्बन्धित विषयको आधारभुत ज्ञान सीपका लागि अधिकतम अभ्यास गराउनु पर्नेछ।<br>**जिम्मेवारी बाँडफाँडः** अतिरिक्त कक्षा सञ्चालन सम्बन्धी जिम्मेवारी देहाय बमोजिम हुनेछः<br><br>**विद्यालय व्यवस्थापन समितिः** आफ्नो विदयालयमा अध्ययनरत अंग्रेजी, गणित र विज्ञान विषयमा कमजोर नतिजा भएका बालबालिकाको लागि अतिरिक्त कक्षा सञ्चालन गरी शैक्षिक उपलव्धीस्तर उकास्ने कार्यको लागि विद्यालयमा उपयुक्त वातावरण तयार गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ।<br><br>**प्रधानाध्यापकः** कार्यक्रमको सञ्चालन एवम् व्यवस्थापन र मासिक रुपमा सो कार्यको प्रतिवेदन सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पठाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।<br><br>**शिक्षकः** विद्यार्थीको सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रयोजनका लागि विद्यालयले सोहि विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई अतिरिक्त कक्षा सञ्चालनको जिम्मेवारी प्रदान गर्नु पर्ने छ भने तोकिए बमोजिम अतिरिक्त कक्षा सञ्चालन गरी विद्यार्थीको शैक्षिक उपलव्धीस्तर उकास्नु शिक्षकको दायित्व हुनेछ ।<br><br>**स्थानीय तहः** |

| | शीर्षक | विवरण |
|---|---|---|
| | | स्थानीय तहले आफ्नो स्थानीय तह अन्तरगतका अंग्रेजी गणित र विज्ञान विषयमा सबै भन्दा कमजोर शैक्षिक उपलब्धी भएका विद्यालयहरु मध्ये कम्तीमा २ वटा विद्यालयको नाम प्राथमिकताका आधारमा सिफारिस गरी पठाउनुपर्नेछ ।<br><br>कार्यक्रम अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने र कार्यक्रम कार्यान्वयनको समग्र प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने ।<br><br>*प्राप्त प्रस्तावका आधारमा एउटा स्थानीय तहमा कम्तिमा एक विद्यालय अनिवार्य छनौट गर्नुपर्नेछ ।*<br><br>**अभिमुखीकरण एवम् सम्झौता:** अतिरिक्त कक्षा सञ्चालन गर्नका लागि छनौटमा परेका विद्यालयहरुसँग कार्यक्रम कार्यान्वयन सम्बन्धमा अभिमुखीकरण गरी सम्झौता गर्न सकिनेछ । |
| ६. | अपेक्षित उपलब्धि | अंग्रेजी, गणित र विज्ञान विषयमा न्युन सिकाइ उपलब्धी भएका विद्यार्थीहरुको सिकाइ उपलब्धी अभिवृद्धि हुनेछ। |
| ७. | विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | क. निवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:<br>१. विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>२. स्थानीय तहको कार्यक्रममा दोहोरो नपरेको र आवश्यकता सम्बन्धमा स्थानीय तहको सिफारिस<br>३. कक्षा ८, ९ र १० को शैक्षिक सत्र २०८० को विषयगत औषत सिकाइ उपलब्धि<br>ख. भुक्तानी मागका लागि पेश गर्नुपर्ने काजजातहरु:<br>१. विद्यालय व्यवस्थापन समितिको खर्च अनुमोदन र भुक्तानी मागको निर्णय सहितको माग निवेदन<br>२. अतिरिक्त कक्षामा सहभागी भएका विद्यार्थी र शिक्षकको प्रमाणित हाजिरी विवरण<br>३. नियमानुसार प्रोत्साहन भत्ता बुझेको भरपाई वा खाजा खाना बापतको बील भरपाई<br>४. कक्षा सञ्चालन पूर्व र अतिरिक्त कक्षा सञ्चालन पश्चातको सिकाइ उपलब्धि र फोटो सहितको प्रतिवेदन<br>५. कार्य सम्पन्न भएको सम्बन्धमा स्थानीय तहको अनुगमन प्रतिवेदन सहितको सिफारिस पत्र |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालयहरु, सम्बन्धित स्थानीय तहहरु |